# खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भाग:२ खण्ड:५ संख्या:११ मिति:२०८०/१२/१२


कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८०

प्रमाणिकरण मितिः२०८०।१०।२६

**प्रस्तावनाः**

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागररकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को वुदाँ नं ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ। गाउँपालिकाको क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको सक्रिय भूमिकालाई उच्च मूल्याङ्न गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको निरन्तरताका लागि उत्प्रेरित गर्न थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी खिजीदेम्वा गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्वन्धी कार्यविधी २०८०" हुनेछ।

(२) यो कार्यविधि खिजीदेम्वा गाउँपालिका गाउँकार्यपालिकाको बैठकले पारित गरेपछि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यविधि" भन्नाले "महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, "२०८०" सम्झनु पर्दछ।

(ख) "छनौट" भन्नाले पहिलो पटक वा पुनः तोकिएको प्रकृया र विधि पूरा गरेर छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ।

(ग) "बिदाई" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ।

(घ) "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनसुार तालिम प्राप्त

गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्क्रमहरूमा सहयोग पुराउने स्वयंसेवी महिलालाई जनाउँदछ । साथै यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## स्वयंसेवक छनौट तथा बिदाई एवं सेवा रद्द सम्बन्धी व्यवस्था

**३. स्वयंसेविका छनौट:** (१) स्वयंसेविकाको छनौट संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ( राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीति , २०६७ "पहिलो संशोधन २०७६") निर्देशिका बमोजिम  देहायको प्रावधान बमोजिम हुनेछ।

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनुपर्ने,

(ख) कम्तीमा ५ वर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिवद्धता गरेको हुनुपुर्ने,

(ग) समाज सेवा गर्न ईच्छुक भएको,

(घ) २५ बर्ष उमेर पूरा भई ५० बर्ष ननाघेको,

(ङ) राजनीतिमा नलागेको र कुनैपनि राजनीतिक पदमा बहाल नरहेको,

(च) कुनैपनि लाभको पदमा बहाल नरहेको,

(छ) न्युनतम साधारण लेखपढ गरेको हुनुपर्नेछ।

**४. स्वयंसेविकाको बिदाई:** (१) दफा ३ अनसुार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछ।

(क) राजीनामा दिएमा,

(ख) ६० वर्ष उमेर पूरा भएमा,

(ग) स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्ने ईच्छा जाहेर गरी विदाई लिएमा,

(घ) प्रत्येक पाँच वर्षमा आमा समूहबाट पुनः छनौट नभएमा,

(ङ) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

(च) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि बसोवास गरेको अवस्था रहेमा

**५. स्वयंसेविकालाई सेवाबाट रद्ध गरिने:** (१) स्वयंसेविकाको सेवा देहायको अवस्थामा रद्ध गरिनेछः

(क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,

(ख) भ्रष्टाचार, अनुशासनको उल्लंघन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रूपमा कहीं कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सूचना तीन महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्द हुनेछ।

## परिच्छेद-३

## सेवा सुविधा सम्बन्धी व्यवस्था

**६.सेवा तथा सुविधाः** (१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुविधा दाबी गर्न पाउने छैन तर यस कार्यविधि अन्तर्गतका सेवा,सुविधा बैंक मार्फत उपलब्ध गराईनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक

सञ्चालन, मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक तथा समदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागि अनुसूची -१ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ। नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वाहेक थप प्रोत्साहन स्वरुप रकम खिजिदेम्वा गाउँपालिका गाउँ कार्यपालिकावाट बार्षिक रुपमा अनुसुची १(एक) बमोजिमको रकम उपलब्ध गराईनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा-५ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनैपनि

प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन।

## परिच्छेद-४
## विविध

**७.अन्य छुट विषय सम्बन्धि:** यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषयम खिजीदेम्बा गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय ,राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति ,२०६७ (पहिलो संशोधन २०७६) एंव प्रचलित कानून बमोजिम हुनेछ ।

**८. संशोधन तथा खारेजी:** खिजीदेम्बा गाउँपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

अनुसूची – १

**दफा-६ (२) सँग सम्बन्धित**

**स्वयंसेविकाले पाउने सुविधा:**

| सि.नं. | क्रियाकलाप | वर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १. | स्वयंसेवा सम्मान विदाई खर्च | २० वर्ष भन्दा बढी अवधि सेवागरेका | रु.१०,०००। | |
| | | १०-२० वर्ष भन्दा कम अवधि सेवा | रु.८,००० । | |
| | | ५-१० बर्ष सेवा अवधि सेवा गरेका | रु.५,००० | |
| २. | मासिक बैठक एवं खोप कार्यक्रम लगायतको लागि यातायात खर्च | बार्षिक | रु. १५,०००। | |

**आज्ञाले**
**रमेश सुनुवार**
**प्रमुख प्रशासकीय अधिकृत**